कृषि तथा वन विज्ञान विश्वविद्यालय

# सेवा आयोगको कार्यालय

चितवन, नेपाल

## सहप्राध्यापक पदको आन्तरिक र खुला प्रतियोगिताको दरखास्त आब्हान सम्बन्धी सूचना

**प्रकाशन मितिः २०८१/०५/०७**

यस विश्वविद्यालयमा रिक्त रहेका देहायका पदहरू आन्तरिक र खुला प्रतियोगिताबाट स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले आन्तरिकतर्फ यस विश्वविद्यालयको स्थायी सेवामा कार्यरत उपप्राध्यापकहरू मध्ये आवश्यक योग्यता र सेवा शर्त पूरा गरेका तथा खुलातर्फ तोकिएको मापदण्ड पूरा गरेका योग्य नेपाली नागरिकहरूबाट दरखास्त आब्हान गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन।

**पदः सहप्राध्यापक (आन्तरिक)**

| क्र.सं. | विज्ञापन नं. | विषय | संकाय/ केन्द्र | पद संख्या |
|---|---|---|---|---|
| १. | ०१/०८१/०८२ | बाली प्रजनन् | कृषि | १ |
| २. | ०२/०८१/०८२ | कृषि अर्थशास्त्र | कृषि | १ |
| ३. | ०३/०८१/०८२ | बागवानी विज्ञान | कृषि | १ |
| ४. | ०४/०८१/०८२ | वातावरण विज्ञान | कृषि | १ |
| ५. | ०५/०८१/०८२ | कृषि प्रसार | कृषि | २ |
| ६. | ०६/०८१/०८२ | एक्वाकल्चर | पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान | १ |
| ७. | ०७/०८१/०८२ | भेटेरिनरी फिजियोलोजी | पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान | १ |

**पदः सहप्राध्यापक (खुला)**

| क्र.सं. | विज्ञापन नं. | विषय | संकाय | समूह | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ०८/०८१/०८२ | पर्यावरण संरक्षण | कृषि | खुला | १ |
| २. | ०९/०८१/०८२ | कृषि अर्थशास्त्र | कृषि | खुला | १ |
| ३. | १०/०८१/०८२ | बालीरोग विज्ञान | कृषि | खुला | १ |
| ४. | ११/०८१/०८२ | बागवानी विज्ञान | कृषि | महिला | १ |
| ५. | १२/०८१/०८२ | बाली प्रजनन् | कृषि | खुला | १ |

**परीक्षाको किसिमः** आन्तरिक (अन्तर्वार्ता)

: खुला (लिखित, सीप परीक्षण र अन्तर्वार्ता)

**दरखास्त पेश गर्नुपर्ने कार्यालयः** सेवा आयोगको कार्यालय रामपुर, चितवन ।

- **संलग्न गर्नुपर्ने कागजातहरूः**
- रितपूर्वक भरिएको आवेदन फाराम र अन्य कागजात एवम् प्रमाणपत्रहरु (दुई/दुई प्रति)
- परीक्षा तथा आवेदन दस्तुर बुझाएको बैंक भौंचर ।
- सबै शैक्षिक योग्यता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपिहरू, नागरिकताको प्रमाण पत्र तथा नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सोको समकक्षता निर्धारण गरेको प्रमाणपत्र ।
- आफू कार्यरत कार्यालय/संस्था प्रमुखबाट प्रमाणित अनुभव सम्बन्धी विवरण ।
- करार, अस्थायी तथा स्थायी सेवामा कार्यरत रहेको भए सो को नियुक्तिपत्रको प्रतिलिपि ।

**दरखास्त दिने अन्तिम मितिः** २०८१/०६/१० गतेसम्म (३५ दिन) र दोब्बर दस्तुर तिरी २०८१/०६/१७ गतेसम्म (७ दिन)

**उम्मेदवारको उमेरको हदः** मिति २०८१/०६/१० सम्म २१ बर्ष पूरा भई ५० बर्ष ननाघेको (**खुलातर्फ**)

*(कृषि तथा वन विज्ञान विश्वविद्यालयमा कार्यरत स्थायी शिक्षकको हकमा उमेरको हद लागु हुने छैन)*

**लिखित परीक्षा र अन्तर्वार्ता मितिः** आवदेन दिने म्याद समाप्त भएपछि प्रकाशन गरिनेछ ।

**आवेदन तथा परीक्षा दस्तुरः** आवेदन रू.५००।- र परीक्षाः रू.३०००।-

## आवश्यक न्यूनत्तम योग्यता

### आन्तरिक प्रतियोगिता तर्फ :

कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक नियुक्ति एवम् बढुवाका आधार, कार्यसम्पादन मूल्यांकन तथा कार्यक्षमता अंक विभाजन एवम् सिफारिस सम्बन्धी कार्यविधि, २०७५ को दफा ३.१ (क) बमोजिम योग्य भई देहायको योग्यता र अनुभव हासिल गरेको हुनुपर्नेछ ।

**सहप्राध्यापकः** सम्बन्धित विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण र पीएचडी प्राप्त तथा क्याम्पस/महाविद्यालयमा कम्तीमा ८ बर्ष पढाएको अनुभव प्राप्त हाल उपप्राध्यापक पदमा कार्यरत ।

**अथवा**

सम्बन्धित विषयमा द्वितिय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण र पीएचडी प्राप्त तथा क्याम्पस/महाविद्यालयमा कम्तीमा १० बर्ष पढाएको अनुभव प्राप्त एवम् हाल उपप्राध्यापक पदमा कार्यरत ।

**अथवा**

सम्बन्धित विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण तथा क्याम्पस/महाविद्यालयमा कम्तीमा ११ बर्ष पढाएको अनुभव प्राप्त एवम् हाल उपप्राध्यापक पदमा कार्यरत।

**अथवा**

सम्बन्धित विषयमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण तथा क्याम्पस/महाविद्यालयमा कम्तीमा १३ बर्ष पढाएको अनुभव प्राप्त एवम् हाल उपप्राध्यापक पदमा कार्यरत।

**अथवा**

मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा आवश्यक न्यूनत्तम शैक्षिक योग्यता (सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण) पूरा गरी उपप्राध्यापक पदमा स्थायी भई कम्तीमा ५ बर्ष काम गरेको अनुभव प्राप्त तथा सम्बन्धित विषयको Peer Reviewed Referred Journal मा प्रथम लेखक भई कम्तीमा २ वटा अनुसन्धनात्मक लेख प्रकाशित गरेको।

## खुलातर्फ :

१. **सहप्राध्यापक:** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण र पी.एच.डी. प्राप्त तथा सम्बन्धित विषयको Peer Reviewed Referred Journal मा प्रथम लेखक भई कम्तीमा पाँच बटा अनुसन्धनात्मक लेख प्रकाशित भएको हुनुपर्ने, जसमध्ये कम्तीमा दुई अनुसन्धनात्मक लेख अर्न्तराष्ट्रिय जरनलमा प्रकाशित गर्नुका साथै विश्वविद्यालयको आंगिक कलेज/क्याम्पस/महाविद्यालयमा ५ बर्ष पढाएको वा राष्ट्रिय/अन्तर्राष्ट्रिय केन्द्रहरूमा बरिष्ठ वैज्ञानिक वा सरकारी सेवामा अधिकृत द्वितीय श्रेणी वा सो सरह पदमा रही कम्तीमा ८ बर्ष सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव प्राप्त।

**द्रष्टव्य:**

१. कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक नियुक्ति एवम् बढुवाका आधार, कार्यसम्पादन मूल्यांकन तथा कार्यक्षमता अंक विभाजन एवम् सिफारिस सम्बन्धी कार्यविधि, २०७५ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

२. दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित योग्यता हासिल गरि सकेको हुनुपर्नेछ। अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा सम्बन्धित पदको लागि तोकिएको न्यूनतम सेवा अवधि पूरा भएको हुनपर्नेछ।

३.दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

कृषि तथा वन विज्ञान विश्वविद्यालय

# सेवा आयोगको कार्यालय

चितवन, नेपाल

४. आन्तरिक प्रतियोगितातर्फका पदहरुमा शैक्षिक योग्यता, अनुसन्धान तथा कृति प्रकाशन, शिक्षण अनुभव/कार्य अनुभव, आन्तरिक मूल्याङ्कन र अन्तर्वार्ता समेतको आधारमा नियुक्तिको लागि सिफारिस गरिनेछ। खुलातर्फ शैक्षिक योग्यता, अनुसन्धान तथा कृति प्रकाशन, शिक्षण अनुभव/कार्य अनुभव, लिखित परीक्षा, दक्षता परीक्षण र अन्तर्वार्ता समेतको आधारमा मूल्याङ्कन गरिनेछ।

५. विज्ञापन प्रकाशन हुनभन्दा अगाडि प्रकाशित भएका अनुसन्धान तथा कृति एवम् शोध निर्देशनको प्रतिलिपि संलग्न गर्नुपर्नेछ।

६. आन्तरिक प्रतियोगितामा सहभागी हुने सहप्राध्यापक पदका उम्मेदवारहरुले उपप्राध्यापक पदमा नियुक्ती भए पश्चातका प्रकाशित गरेका कृतिहरू मात्र मूल्याङ्कनका लागी पेश गर्नु पर्ने छ।

७. आन्तरिक तर्फका उम्मेदवारहरूले अनुसन्धान तथा कृति प्रकाशन एवम् शोध निर्देशन सेवा आयोगले तोकिएको ढाँचामा भरेर कम्तीमा दुई प्रति बुझाउनुपर्नेछ। खुलातर्फका आवेदकले फाराममा उल्लेख गरे पुग्नेछ।

८. ईच्छुक उम्मेदवारहरूले सूचनामा तोकिए बमोजिमको परीक्षा दस्तुर **सेवा आयोगको कार्यालय**, नेपाल बैंक लिमिटेड रामपुर शाखाको खाता नं.**०८५००१०७५४८६६५००००००१** मा जम्मा गरेको सक्कल भौचर दरखास्त फारामसँगै बुझाउनु पर्नेछ।

९. थप जानकारी आवश्यक परेमा सेवा आयोगको कार्यालय रामपुर, चितवनमा सम्पर्क गर्न सकिनेछ।

अध्यक्ष